म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ७४ शुक्रबार, १४ कात्तिक २०८२ ने. सं. ११४६ कछलाथ्व 31 October 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एनआइसी एशियाका ग्राहकलाई थाहाको ओमअध्यायमा छुट

हेटौंडा, १३ कात्तिक/एनआईसी एशिया बैंकका ग्राहकलाई मकवानपुरको थाहानगरमा रहेको ओमअध्याय रिट्रिटमा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा रिसोर्ट र बैंकबीच सम्झौता सम्पन्न भएको छ । यस समझदारीसँगै बैंकका ग्राहकले थाहा, मकवानपुरमा रहेको ओमअध्याय रिट्रिटमा सेवालिई डिजिटल भुक्तानी गर्दा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् । बैंकका ग्राहकले यस रिसोर्टमा सेवा लिँदा रिसोर्ट प्याकेजमा १५ प्रतिशतसम्म छुट प्राप्त गर्न सक्नेछन् भने खाना तथा पेयपदार्थमा १० प्रतिशत छुट सुविधा उपयोग गर्न सक्नेछन् । यस सुविधाको उपयोग गर्न ग्राहकले बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैंक एपमार्फत् भुक्तानी गर्नुपर्ने छ । रिसोर्टसँगको सहकार्यले ग्राहकलाई छुट सुविधा उपलब्ध हुनुको साथै, मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

### गौशाला अभावका कारण गढीका किसानलाई पालनपोषणको जिम्मा

# अवैधरुपमा ढुवानीको आशंकामा २५ गोरु नियन्त्रण

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ जिल्ला पशुसेवा कार्यालय मकवानपुरले अवैधरुपमा ढुवानी गरिएको आशंकामा २५ वटा गोरु सहितको ट्रक नियन्त्रणमा लिएको छ ।



पूर्वपश्चिम राजमार्ग अन्तर्गत् तनहुँबाट झापा जाँदै गरेको प्रदेश २०-३००१ ख ०७०७ नम्बरको ट्रकलाई नेवारपानीबाट नियन्त्रणमा लिइएको हो । पशुसेवा कार्यालयका टोली र जिल्ला प्रहरी कार्यालयको टोलीले जाँच गर्ने क्रममा ट्रकमा अवैधरुपमा गोरु ढुवानी भइरहेको फेला पारेको जिल्ला पशुसेवा कार्यालयका प्रमुख डा.ब्रजकिशोर ठाकुरले जानकारी दिएका छन् । गोरु ढुवानीका लागि आवश्यक कागजात नदेखिएको र पशु ढुवानी मापदण्ड २०६४ विपरीत ओसारिएको पाइएपछि २५ वटा गोरु नियन्त्रणमा लिइएको उनले बताए । ट्रकचालक रौतहट चन्द्रनिगहपुर-२ का मिलन केसीलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक कार्वाही अगाडि बढाएको छ ।

नियन्त्रणमा लिइएका गोरु राख्ने गौशालाको अभावका कारण मकवानपुरगढी-५ का स्थानीय किसानलाई पालन-पोषणको जिम्मा दिइएको प्रमुख ठाकुरले बताए । कार्यालयले हालसम्म पशु ढुवानी मापदण्ड विपरीत ओसार-पसार गरिएका दुईसय भन्दा बढी गाईगोरु नियन्त्रणमा लिएर स्थानीय कृषकलाई जिम्मा लगाएको छ । अवैध ओसार पसारमा संलग्न १२ जनामाथि कारबाही गरिएको छ । प्रमुख ठाकुरले गाईगोरु तस्करीका घटनामा विभिन्न राजनीतिक दलका पदाधिकारीदेखि उच्चपदस्थ कर्मचारीसम्मको संलग्नता रहेको आरोप लगाएका छन् । पश्चिमबाट ल्याइएको गाईगोरु काकडभिट्टा हुँदै बंगलादेशतर्फ तस्करी हुने गरेको छ ।

**आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक**

पशुसेवा कार्यालय मकवानपुरले आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ । कार्यालय प्रमुख ब्रजकिशोर ठाकुरले बिहीबार पत्रकार सम्मेलनको आयोजना गर्दै यो अवधिमा सम्पन्न भएका कार्यको विस्तृत जानकारी दिएका हुन् । उनका अनुसार कार्यालयले गत आर्थिक वर्षमा प्रशासनिक सेवा शुल्क, दण्ड-जरिवाना, जफत र बेरुजु असुलीमार्फत् कुल तीन लाख तीन हजार रुपैयाँ राजस्व संकलन गरेको छ ।

गत आर्थिक वर्षमा कार्यालयबाट १ हजार ४ सय २ वटा गाई, २ हजार ३ सय ३ वटा कुकुर र बिरालो, ४ सय ९५ वटा कुखुरा, २ हजार ६ सय २३ वटा बाख्रा र १२ वटा बंगुरलाई डिस्पेन्सरी सेवा प्रदान गरिएको थियो । ५० जना किसानका गाईवस्तुलाई उपचारका लागि भेटनरी अस्पतालसम्म ल्याउनका लागि सेवा प्रदान गरिएको र त्यसबापत कार्यालयले तेल खर्च सहित आउजाउ गरी ६ सय रुपैयाँ एम्बुलेन्स भाडा लिने गरेको जानकारी दिए ।

गतवर्ष मकवानपुरमा ४९ वटा पशुमा सर्जिकल सेवा प्रदान गरिएको छ । प्रयोगशालामा कुल ४ हजार ५ सय ५३ परीक्षण भएका छन्, जसअन्तर्गत ब्याक्टेरियल कल्चर ३ सय १७, आरडीटी ४१, रगत परीक्षण ५४, थनेलो परीक्षण १ सय ८१ र गोबर परीक्षण ३ हजार ९ सय ६० वटा भएको छ ।

संक्रामक रोगविरुद्ध कार्यालयले ४३ लाख ७ सय डोज खोप लगाएको छ । तीमध्ये पीपीआर तीन लाख डोज, एचएस-बीक्यू ८ हजार, लम्पी स्किन रोगविरुद्ध १५ हजार ९ सय डोज, स्वाइन फिभर ८ हजार डोज र रेबिजका ८ सय खोप लगाइएका छन् । कार्यालयले तीन सय किसानलाई टियोसिन्टी र एक हजार किसानलाई जै घाँस वितरण गरेको छ ।

सामुदायिकस्तरमा आधारित पशुपालन कार्यक्रम अन्तर्गत ९४ वटा गाई र एउटा भैंसी खरिद गरिएको, ६५ वटा गाईगोठ सुधार, १० वटा बाख्राको खोर र १५ वटा खरायोको खोर निर्माण गरिएको कार्यालयले जनाएको छ ।

कार्यालयका तथ्यांक अनुसार मकवानपुर जिल्लामा हाल ९० हजार ६ सय ६१ वटा गाईगोरु, ३५ हजार ७ सय ८१ वटा राँगा-भैंसी र ४ लाख ३८ हजार वटा बाख्रा रहेका छन् । गत आर्थिक वर्षमा कार्यालयले उपलब्ध बजेटको ८५ दशमलव ४१ प्रतिशत खर्च गरेको प्रमुख ठाकुरले जानकारी दिए ।

# भीमफेदी कारागारका १ सय ५७ कैदीबन्दी अझै फरार



साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा मकवानपुरको भीमफेदी कारागारबाट फरार भएका १ सय ५७ जना कैदीबन्दी अझै फर्केका छैनन् ।

कारागार प्रशासनले फरार रहेका कैदीबन्दीलाई छिटोभन्दा छिटो सम्पर्कमा आउन पटकपटक आग्रह गरे पनि भागेका ४ सय ४० कैदीबन्दीमध्ये १ सय ५७ केदीबन्दी सम्पर्क विहीन रहेका हुन् । जसमध्ये १ सय ३१ जना स्वेदशी र २६ जना विदेशी कैदी रहेका छन् । कारागार व्यवस्थापक सुवास पौडेलका अनुसार, गत भदौ २४ गते राति कारागारको पर्खाल भत्काएर ४ सय ४० जना कैदीबन्दी फरार भएका थिए । तीमध्ये हालसम्म २ सय ८३ जना सम्पर्कमा आइसकेका छन् ।

फरार रहेकाहरुमा जबर जस्ती करणीमा ३५, कर्तव्य ज्यानमा १३, लागुऔषधमा ७५, अपहरण तथा शरीर बन्धकमा ३, किर्तेमा ३, खुन डाँकामा १, चोरीमा ५, जिउ मास्नेबेच्नेमा २, ठगीमा १, डाँकामा ९, नकवजनी चोरीमा ४, वैदेशिक रोजगारमा १, राजश्व छलीमा १, सवारी ज्यानमा ३ र हातहतियार खरखजानामा १ जना रहेका छन् । 'मकवानपुरबाट भागेका ४४० मध्ये १५७ फरार रहेका कैदीबन्दीहरु पारिवारिक सम्पर्कमा पनि छैनन् । उनीहरु अन्य ठाउँबाट कहिलेकाहीँ सम्पर्कमा आउने गरेका छन् । तर, हामीले कारागार फर्काउन सकेका छैनौं,' पौडेलले भने, 'फरार कैदीबन्दीलाई सम्पर्कमा ल्याउन जिल्ला सुरक्षा समिति सहितको कार्यदलले काम गरिरहेका छौं ।'

कारागार व्यवस्थापक पौडेलका अनुसार भागेका कैदीबन्दीलाई थप सजाय गर्ने निर्णय भएपनि कार्यान्वयनमा आउन नसकेको बताए । थप सजायको व्यवस्था कार्यान्वयन गरेको खण्डमा भागेका केदीबन्दी फिर्ता हुनसक्ने सम्भावना रहेको उनले बताए । यद्यपी हालसम्म निर्णय भएअनुसार कुनैपनि कारागारले थप सजायको लागि फाइल उठाउन नसकेको उनले बताए । कारागार तोडफोड गरी भाग्ने कैदीबन्दीलाई कारागार ऐन, २०७९ को दफा ४९ अनुसार थप सजायको व्यवस्था रहेको उनले बताए ।

ऐनमा कारागारको पर्खाल, झ्यालढोका फोडेमा, भत्काएमा वा नष्ट गरेमा १० वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था छ । कारागारबाट भागेमा वा भाग्ने उद्योग गरेमा पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने प्रावधान छ । कारागार व्यवस्थापक पौडेलले सुरक्षा चुनौतीका बीच भागेका र सामान्य अवस्थामा भागेका कैदीबन्दीलाई फरकफरकरुपमा हेरेर कानुनी उपचारको व्यवस्था गर्नुपर्ने बताए । सो अनुसार गर्न सकिएमा कारागार व्यवस्थापनमा सहजता आउने उनले विश्वास व्यक्त गरे ।

# मकैसँगै लगाइएको पिँडालुबाट इन्द्रसरोबरका किसानलाई राम्रो आम्दानी



साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ मकवानपुरको ईन्सरोवरका किसानले पछिल्ला वर्ष पिँडालुबाट राम्रो आम्दानी लिन थालेका छन् । हरिबोधिनी एकादशी अर्थात् ठूलो एकादशीका समयमा पिँडालुको माग बढ्ने भएकाले यहाँका किसानले मकैभित्रै पिँडालु लगाउने गरेका छन् ।

मकैसँगै लगाउँदा खानका लागि मकै र आम्दानीका लागि पिँडालु दुवै उत्पादन हुने भएकाले किसान यसतर्फ आकर्षित भएका हुन् । व्यावसायिकरुपमा पिँडालुखेती नगरे पनि मकैसँगै लगाइएका पिँडालुबाटै एकैपटक ४० देखि ५० हजार रुपैयाँसम्म आम्दानी हुने गरेको किसानको भनाइ छ । पहिले मकैमात्र हुने यो क्षेत्रमा सडक विस्तारसँगै पछिल्ला वर्षमा तरकारी र नगदे बालीतर्फ किसानको आकर्षण बढेको छ । स्थानीय बुद्धिमाया थिङले करिब दुई रोपनी क्षेत्रफलमा पिँडालु लगाइएकी छिन् ।

उनकाअनुसार पिँडालु खेतीमा मेहनत कम पर्नुका साथै सिँचाइको आवश्यकता पनि नपर्ने भएकाले किसान यो खेतीतर्फ आकर्षित भएका हुन् । प्रतिरोपनी एक हजारदेखि १२ सय किलोसम्म पिँडालु उत्पादन हुने गरेको स्थानीय किसानले बताएका छन् । गतवर्ष उनले करिब ५० हजार रुपैयाँको पिँडालु बिक्री गरेकी थिइन् । बजारमा माग धेरै हुने भएकाले बिक्रीमा कुनै समस्या नआएको उनको भनाइ छ । यहाँ उत्पादन हुने पिँडालु काठमाडौंको कालिमाटी बजारसम्म पुग्ने गरेको छ । हाल किसानको बारीबाटै प्रतिकिलो ८० रुपैयाँमा पिँडालु बिक्री भइरहेको छ ।

पिँडालुको गानो, सेलो उसिनेर खाने गरिन्छ । कर्कलोबाट मस्यौरा बनाउने र गाभा (पात) समेत विभिन्न परिकार बनाउन प्रयोग गरिन्छ । ठूलो एकादशीका अवसरमा पिँडालु र सक्खरखण्डको माग विशेषरुपमा बढ्ने गरेको छ । एकादशी फलाहार गर्ने परम्परागत चलन भएका कारण ठूलो एकादशी र माघे संक्रान्तिमा पिंडालु, सख्खर खण्ड, तरुललगायत कन्दमूलको ब्यापार बढ्ने गरेको छ ।

# कार्तिक १९ गतदेखि एन्फा प्रेसिडेण्ट लिग हुने

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ हेटौंडामा कार्तिक १९ गतेदेखि एन्फा प्रेसिडेण्ट लिग फुटबल प्रतियोगिता हुने भएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा हुने प्रतियोगितामा सातवटै प्रदेशका लिग च्याम्पियन क्लबसहित १० टोलीको सहभागिता रहनेछ ।

मकवानपुर जिल्ला फुटबल संघको समन्वयमा हेटौंडा-६ स्थित गौरिटार रंगशालामा प्रतियोगिता सञ्चालन हुन लागेको हो । प्रतियोगितामा सहभागी हुने १० वटै क्लबलाई तयारी खर्चबापत एन्फाले ७ लाख ५० हजार रुपैयाँ प्रदान गरेको छ भने खेल तालिका सार्वजनिक भइसकेको छ । मंसिर २ गतेसम्म हुने प्रतियोगिताको विजेता र उपविजेता टोलीले क्रमशः १० लाख र ५ लाख रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने अन्य विधागत उत्कृष्ट खेलाडीलाई जनही २५ हजार रुपैयाँ प्रदान गरिनेछ ।

एन्फा प्रेसिडेण्ट लिगमा समूह 'ए' मा जनजागृति युवा क्लब, चित्लाङ एफसी, विजय स्पोर्टस् क्लब, लालिगुराँस एसोसिएसन क्लब र देउराली युथ क्लब रहेका छन् भने समूह 'बी' मा नवजागृति क्लब, हैसान्स क्लब, टाइगर टिम, गाइघाट एफसी र काँक्रेविहार युथ क्लब रहेका छन् । प्रतियोगिताको उद्घाटन खेल चित्लाङ एफसी र देउराली युथ क्लबबीच हुनेछ ।

# पालुङको प्रहरीप्रमुखमा बज्राचार्यको स्वागत, अर्यालको बिदाई

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ ईलाका प्रहरी कार्यालय पालुङमा नेपाल प्रहरी अपराध अनुसन्धान कार्यालय कास्कीबाट सरुवा भई प्रहरी निरीक्षक रुक्सा बज्राचार्य आएकी छिन् ।

पालुङका प्रहरीनिरीक्षक सविनबाबु अर्याल भने नेपाल प्रहरी केन्द्रीय विशेष कार्यदल गुल्म १ मा सरुवा भएका छन् । अर्याल २०८१ भदौ १७ गते नेपाल प्रहरी युक्ति तालिम महाविद्यालय विपद व्यवस्थापन जर्गाह पश्चिम नवलपरासीबाट सरुवा भई आएका थिए । थाहा नगरपालिकाले सरुवा भएका प्रहरी निरीक्षक अर्याललाई बिदाइ गरेको छ । कार्यक्रममा नगरप्रमुख बिष्णु बिष्टले बिदाई हुँदै गरेका निरीक्षक अर्यालको सहकार्य र समन्वय र उनले पुऱ्याएको योगदानको कदर गर्दै आगामी दिनको सफलताको शुभकामना दिए ।

कार्यक्रममा पालिकाले मायाको चिनो प्रदान गरेको थियो । थाहानगरका उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत निरज पौडेललगायतका उपस्थिति रहेको थियो । दुवैको असोज २९ गते सरुवा भएको हो । उनीहरुसहित नेपाल प्रहरीका ६६५ जना प्रहरीनिरीक्षकको एकसाथ सरुवा गरिएको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# थाहानगरमा बसपार्क

२०१३ सालमा त्रिभुवन राजपथ संचालनमा आएपछि गुल्जार हुने आशा गरिएको दामनपालुङ उपत्यका सोचे जस्तो विकास हुन सकेन । यसको मुख्य कारण थियो युवापलायन । टाठाबाठा जति रोजगारीको क्रममा दामनपालुङ छोडेर काठमाडौं वा हेटौंडा छिरेपछि गाउँमा बालबालिका र जेष्ठ नागरिक मात्र रहे । युवाजमातले फर्केर गाउँमा कुटो कोदालो गरेनन् । उनीहरु क्रमशः दामनपालुङबाट बिस्थापनमा रमाउदै गए । दामनपालुङ उपत्यकामा भएको प्राकृतिक उर्जालाई स्थानीयले चिन्नै सकेनन् । त्यही दामनपालुङको बाटो भएर काठमाडौं खाल्डोमा आवश्यक सबै सामग्री ढुवानी भयो तर, दामनपालुङले विकासको अवसर नै पाएन । मुलुक संघीय संरचनामा गएपछि २०७४ मा स्थानीय तहको निर्वाचन भएपछि मात्र दामनपालुङ उपत्यकाले काँचुली फेर्ने अवसर प्राप्त गऱ्यो । स्थानीय युवाको निरन्तर दबाव र सक्रिय पहलपछि थाहा नगरपालिका-४ नार्खुढाँडमा थाहा बसपार्क संचालनमा आउने भएको छ ।

दामनपालुङ उपत्यकाको बीचभागबाट मुलुककै जेठो राजपथ संचालनमा आएको ७ दसक बितिसक्दा पनि बसपार्क निर्माण हुन सकेको थिएन । थाहा-४ किटेनीका युवाले निरन्तर दवाव दिँदै आएका कारण थाहा नगरपालिकाले बसपार्क संचालनका लागि आवश्यक तयारी तीव्र पारेको हो । बुद्धचोक थानाबजार बजार व्यवस्थापन समितिका अनुसार बसपार्कमा बिजुली जडान, खानेपानी, शौचालय र यात्रु बस्ने कुर्सी लगायत आधारभूत पूर्वाधारको व्यवस्था भइसकेको छ । कार्तिक १९ गतेदेखि बसपार्कबाट यात्रुबाहक बस, सुमो, इभीलगायत सवारीसाधन छुट्ने गरी तयारी पूरा भइसकेको छ । यसअघि कार्तिक ७ गते स्थानीयले सांकेतिक विरोध प्रदर्शन गरेका थिए । ८ कार्तिकमा स्थानीय युवा, थाहा नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्षलगायतको टिमबीचको छलफलपछि बसपार्क संचालन गर्ने सहमति भएको हो । निर्माणाधीन बसपार्कको काउन्टरमा ग्रील तथा यात्रु प्रतीक्षालय, बस्ने टेबल निर्माण गर्न नगरप्रमुखले कडा निर्देशन दिए र बसपार्क तत्काल सञ्चालन हुनेगरी आधारभूत आवश्यकताको लागि बिजुली जडान र खानेपानीसहित शौचालय, सफाइ कार्य थाल्ने गरी प्रक्रिया अघि बढाइयो । २०७८ को १३ चैत्रमा बसपार्क सञ्चालनका लागि स्थानीयले तत्कालीन नगरप्रमुख लवशेर विष्टलाई ध्यानाकर्षण गराएका थिए । टोलीलाई जवाफ दिदै तत्कालीन नगरप्रमुख बिष्टले बसपार्क सञ्चालनमा ल्याउने जनाएका थिए । थाहा-४ थानाबजारको नार्खुढाँडमा वि.सं. २०७५ सालदेखि निर्माण सुरु भयो । हाल बसपार्कसम्म पुग्ने सडक पक्की ढलान निर्माण भएको छ । टिकट काउन्टर, शौचालय निर्माण भइसकेको छ ।

बसपार्क सञ्चाल भएपछि हाल शिखरकोटमा रहेको टिकट काउण्टर वर परको सवारी भीडभाड व्यवस्थापन हुने अपेक्षा गरिएको छ । यसअघि पनि वि.सं. २०८० वैशाख १८ गते स्थानीयले बसपार्क सञ्चालनका लागि नगरपालिकालाई दबाव दिएका थिए । २०७४ मा निर्वाचित जनप्रतिनिधिले विधिवतरुपमा २०७५ मंसिर ९ गतेबाट बसपार्क निर्माण प्रक्रिया अघि बढाएका हुन् । थानाबजारनजिकै रहेको ४८ रोपनी क्षेत्रफलमा बसपार्क निर्माणका लागि प्रक्रिया अघि बढाइको थियो । बसपार्क निर्माणका थाहा नगरपालिकाले आर्थिक वर्ष २०७५/७६ को बजेटमा ३० लाख, मकवानपुर प्रतिनिधिसभा-२ का तत्कालीन सांसद विरोध खतिवडामार्फत संचालन हुने स्थानीय पूर्वाधार साझेदार कार्यक्रमअन्तर्गत ५० लाख रुपैयाँ विनियोजन गरेर बसपार्कको निर्माण सुरु गरिएको थियो । थाहा बसपार्क निर्माण थालिएको ५ वर्षपछि शिलान्यास भयो । बसपार्कमा आधुनिक टर्मिनल भवनको जग पूजा गरेर २०८० कार्तिक २० गते शिलान्यास भयो । पहिलोचरणको कार्यक्रममा साढे सात करोडको लगानीमा टर्मिनल भवन, बगैंचा, रेष्टुरेन्ट, सपिङ स्टल, अपाङ्गमैत्री शौचालय, सवारीचालकलाई आराम गर्ने कक्ष, ग्यारेज, प्रहरी बिट, पक्की सडक, सडकबत्ती सहितका संरचना निर्माण गर्ने गरी ठेक्का भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ कात्तिक १५ गते शनिबार १ नोभेम्बर २०२५ । एकादशी, कात्तिक शुक्लपक्ष। कछलाथ्व ११४६ ने.सं. । सूर्योदय ६:१५ सूर्यास्त ५:१८ । हरिबोधिनी एकादशी व्रत । भीष्मपञ्चक शूरु । तुलसी विवाह ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : पश्चात्ताप लाग्नेछ | **तुला** | : अधिक परिश्रम गर्नु पर्नेछ |
| **वृष** | : शारीरिक आलस्यता बढ्नेछ | **वृश्चिक** | : मेहनतको फल पाइनेछ |
| **मिथुन** | : सकारात्मक सोचाइ रहनेछ | **धनु** | : कार्यभार र व्यस्तता बढ्नेछ |
| **कर्कट** | : दया मायाका कार्य हुनेछन् | **मकर** | : व्यापार-व्यवसाय सामान्य रहनेछ |
| **सिंह** | : धार्मिक आस्था बढ्नेछ | **कुम्भ** | : जीवनसाथीसाग मतभेद हुनसक्नेछ |
| **कन्या** | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ | **मीन** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ |

# फलफूल र तरकारीमा विषादी: अब गम्भीरतापूर्वक मापन गर्नुपर्छ



✍ ढाकाराम भण्डारी

नेपाल लामो समयसम्म कृषिप्रधान देश रह्यो । अझै पनि कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान पाँच भागको एक भाग भन्दा बढी नै आधारित छ । तर यहाँका अधिकांश किसान साना र सीमित स्रोतमा सञ्चालित छन् । बालीमा कीरा, रोग, झार आदिको आक्रमण रोक्न कीटनाशकको प्रयोग अत्यावश्यक भएको छ । यसले उत्पादन जोगाउँछ, उत्पादन वृद्धि गर्छ, उपभोक्तालाई सस्तोमा खाद्य वस्तु उपलब्ध गराउँछ । उदाहरणका लागि, काउली वा गोलभेँडामा एकपटक कीरा लागेपछि पूरै बाली नष्ट हुन सक्छ । कीटनाशक विना धेरै किसान उत्पादन गुमाउने अवस्थामा पुग्छन् ।

आजको कृषि प्रणालीमा सीमित र नियन्त्रित तरिकाले विषादीको प्रयोग गर्नु एक अपरिहार्य सत्य हो । तर कृषि उत्पादनमा विषादीको मात्रा अनिवार्य रूपमा मापन हुनुपर्छ । अझ थप उल्लेखनीय कुरा के भने यदि कसैले जैविक खेती गरिरहेको छ भने, त्यसमा प्रयोग गरिने विषादीको मात्रा अत्यन्त न्यून हुन्छ वा जैविक मानक अनुसार नियन्त्रित हुन्छ, र यो प्रमाणित गर्न पनि विषादी मापन गर्न अनिवार्य छ । विश्व स्वास्थ्य संगठनका अनुसार हाल १ हजार भन्दा बढी कीटनाशक कृषि क्षेत्रमा प्रयोग भइरहेका छन् । यी मध्ये धेरै रसायन यस्ता छन् जुन वातावरणमा वर्षौंसम्म नष्ट हुँदैनन् । खाद्य तथा कृषि संगठनको अध्ययन अनुसार, धेरै प्रयोग हुने कीटनाशकहरू अन्तर्राष्ट्रिय सुरक्षाका मापदण्डमा नपुगेका, र मानिस तथा वातावरणका लागि अत्यन्त हानिकारक छन् ।

पेस्टिसाइड एक्सन नेटवर्कका अनुसार, हरेक वर्ष विश्वभर ४० लाख टनभन्दा बढी कीटनाशक बिक्री हुन्छ, जसमा झार मार्ने (५० प्रतिशत), कीरा मार्ने (३० प्रतिशत) र ढुसी मार्ने (१७ प्रतिशत) प्रमुख छन् । नेपालमा उत्पादित वा आयातित तरकारी र फलफूलमा कति कीटनाशकको प्रयोग भएको छ भन्ने प्रश्न अझै अनुत्तरित छ । यो केवल सतही जिज्ञासा होइन, गम्भीर चासो हो । हाम्रा थालसम्म आइपुगेका तरकारी र फलफूल साँच्चै सुरक्षित छन् त ? तिनमा बाँकी रहेको विषादीको मात्रा कति हो ? अनि, हामी किन अझैसम्म त्यसको वैज्ञानिक परीक्षण गर्न असमर्थ छौं ?

सबैभन्दा कठिन र जटिल प्रश्नचाहिं यही हो, हाम्रो भान्सामा पुग्ने दैनिक तरकारी र फलफूलमा कति विषादी बाँकी छन् ? जति सहज यो प्रश्न सुनिन्छ, त्यसको उत्तर त्यति नै जटिल छ । खाना आफैंमा हजारौं रासायनिक तत्वहरूको एक जटिल समिश्रण हो । सामान्यतया खेतीबालीमा प्रयोग गरिने कीटनाशकहरू हाम्रो थालसम्म पुग्दा प्रायः अति कम मात्रामा बाँकी रहन्छन् जस्तै प्रति दश लाखको एक भाग (पीपीएम), प्रति अर्बको एक भाग (पीपीबी, पार्टस् पर विलियन) वा प्रति दश खर्बको एक भाग (पीपीटी, पार्टस् पर ट्रिलियन) ।

पीपीएमभन्दा पीपीबी र पीपीबीभन्दा पीपीटी हजार गुणा सानो हुन्छ । उदाहरणका लागि, यदि तपाईंले एक स्वीमिङ पुलभरि पानी भर्नुभयो र त्यसमा विषादीको केवल एक थोपा घोल्नुभयो भने, त्यसलाई लगभग १ पीपीबी मान्न सकिन्छ । यस्ता सूक्ष्म मात्रामा रहेका अणुहरूलाई हाम्रो खानाको विशाल रासायनिक 'समुद्र' बाट छुट्याउनु, पहिचान गर्नु र तिनीहरूको मात्रा मापन गर्नु वैज्ञानिक दृष्टिले अत्यन्त जटिल कार्य हो । यो कामलाई एउटा ठूलो परालको थुप्रोभित्रबाट एउटा सियो खोज्नु मात्र होइन, त्यो थुप्रोभित्र कति वटा साना सियो छन् भन्ने पत्ता लगाउनु जस्तै जटिल ठान्नुपर्छ । त्यसका लागि केवल आँखा र सामान्य प्रविधिले मात्र पुग्दैन, उच्च प्रविधिको वैज्ञानिक उपकरण, दक्षता, अनुभव र संयमता आवश्यक हुन्छ ।

विषादी मापन गर्न नेपालमा पनि राम्रो प्रयास भइरहेको देखिन्छ । नेपालमा प्रयोग भइरहेको प्रमुख परीक्षण उपकरण र्‍यापिड बायोएसे अफ पेस्टिसाइड रेसिड्यु (आर.बी.पी.आर.) हो, जसलाई र्‍यापिड टेस्ट किट पनि भनिन्छ । केही निकाय र कार्यक्रमहरूले र्‍यापिड टेस्ट किट प्रयोग गर्न थालेका छन् । र्‍यापिड टेस्ट किटहरू सामान्यतया तरकारी वा फलफूलमा कीटनाशकको उपस्थिति छ कि छैन भन्ने प्रारम्भिक जानकारी दिन प्रयोग गरिन्छन् । यी किटहरू विशेष किसिमका रासायनिक प्रक्रिया वा एन्जाइमको माध्यमबाट काम गर्छन्, जसले यदि कीटनाशक उपस्थित भएमा रंग परिवर्तन गरी संकेत दिन्छन् । खासगरी मालाथिएन, पाराथिएन वा क्लोरोपाइरिफस जस्ता अर्ग्यानोफस्फेट समूहका र कार्बारिल, कार्बोफुरान र कार्बोसल्फान जस्ता कार्बामेट समूहका विषादीहरू पत्ता लगाउन यिनीहरू प्रभावकारी मानिन्छन् । प्रयोगको लागि नमूना लिइन्छ, रसायनसँग मिसाएर परीक्षण गरिन्छ र नतिजा रंग परिवर्तनबाट अनुमान गरिन्छ ।

यद्यपि यस्ता टेस्ट किटहरूको सीमा छ । यो प्रविधिले विषादीको सही परिमाण जनाउन सक्दैनन्, सबै प्रकारका विषादी पत्ता लगाउन सक्दैनन् र कहिलेकाहीं गलत नतिजा पनि दिन सक्छन् । त्यसैले यिनीहरू प्रारम्भिक छानबिनका लागि उपयुक्त भए पनि, वैज्ञानिक वा कानूनी प्रमाणको रूपमा उपयोग गर्न सकिँदैन । विज्ञानको दृष्टिले हेर्दा, यस्ता टेस्ट किटहरू धुवाँ देखाउने यन्त्र जस्तै हुन्, असली आगो कति ठूलो छ भन्ने बुझ्न भने अझ गहिरो विश्लेषण र मास स्पेक्ट्रोमेट्री जस्ता अत्याधुनिक प्रविधि आवश्यक पर्छ । र्‍यापिड टेस्ट किट परीक्षण प्रारम्भिक छानबिनका लागि ठीक होला, तर सार्वजनिक स्वास्थ्य वा नीतिनिर्माणका लागि उपयुक्त छैन । अति संवेदनशील विषादीका लागि अनुमान होइन, प्रमाण चाहिन्छ ।

यसले एउटा गम्भीर नीतिगत कमजोरीलाई उजागर गर्छ । सरकारले जनस्वास्थ्यको सुरक्षा जस्तो संवेदनशील विषयका लागि पनि सतही र न्यून प्रभावकारी उपायहरूलाई प्राथमिकता दिएको देखिन्छ । र्‍यापिड टेस्ट किटहरूमाथिको निर्भरताले जनतालाई खाद्य सुरक्षाको झूटो आश्वासन दिएको छ । यसले सार्वजनिक विश्वासलाई कमजोर पार्छ र वास्तविक समस्याको समाधानमा बाधा पुऱ्याउँछ । यस्तो अभ्यासले अत्याधुनिक प्रविधि र उपयुक्त परीक्षणको आवश्यकतालाई ओझेलमा पारी स्रोतको दुरुपयोग मात्र गर्दैन, बरु समस्यालाई अझ गहिरो बनाउँछन् ।

मास स्पेक्ट्रोमेट्री एक उच्च-प्रविधिक विधि हो जसले परिमाणात्मक र यथार्थपरक नतिजा प्रदान गर्छ । कीटनाशकको प्रकृति अनुसार विश्लेषणका लागि जी.सी-एम.एस (ग्यास क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री) वा/र एल.सी.एम.एस (लिक्विड क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री) प्रयोग गरिन्छ । यसले सयौं विषादी एकैपटक पहिचान गरी पीपीबी वा पीपीटी स्तरको संवेदनशीलता सहित परिमाण मापन गर्न सक्छ । यसको संवेदनशीलता र विश्वसनीयता उच्च रहेको कारण यो नियामक अनुपालन, वैज्ञानिक अनुसन्धान र विश्वव्यापी खाद्य सुरक्षा मापदण्डका लागि मान्यताप्राप्त छ । यद्यपि यसको प्रारम्भिक लागत धेरै उच्च छ र यसको लागि मास स्पेक्ट्रोमेट्री र विश्लेषणात्मक रसायन विज्ञान (एनालिटिकल केमेस्ट्री) मा विशेषज्ञताको आवश्यकता पर्छ ।

र्‍यापिड टेस्टकिटले प्रारम्भिक छानबिनमा सहयोग गर्न सक्छ भने मास स्पेक्ट्रोमेट्रीले अन्तिम र निर्णायक परिणाम दिन्छ । खाद्य सुरक्षाको दीर्घकालीन लक्ष्यका लागि नेपालले मास स्पेक्ट्रोमेट्री जस्ता अत्याधुनिक प्रविधि र दक्ष जनशक्तिमा अझै बढी लगानी र यसको प्रयोग नियमित गर्नुपर्छ । नेपालमा अध्यापन हुने सम्बन्धित विषयहरू जस्तै कृषि, वातावरण विज्ञान, खाद्य प्रविधिमा स्नातक गर्ने विद्यार्थीले मास स्पेक्ट्रोमेट्रीको सीमित सैद्धान्तिक ज्ञान मात्र पाउँछन् । दुर्भाग्यवश नेपालका धेरैजसो विश्वविद्यालय र क्याम्पसमा ग्यास क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री वा लिक्विड क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री जस्ता अत्याधुनिक उपकरणहरू उपलब्ध नै छैनन् ।

केही ठाउँमा भए पनि, विद्यार्थीले तिनको प्रयोग गर्ने अवसर अत्यन्त सीमित छ । केवल किताबी ज्ञानले मात्र विश्लेषणात्मक प्राविधिक तयार हुँदैन । आफ्नो हातले छुन पनि नपाएका यी विद्यार्थी सर्जरी अभ्यास नगरेका सर्जन जस्तै हुन्छन् । अझ गम्भीर समस्या भनेको नीतिनिर्माताको दृष्टिकोणमा छ । यस्ता विशिष्ट प्रविधि प्रयोग गर्न सक्ने दक्ष जनशक्तिलाई सामान्य प्रशासनका कर्मचारी झैं एक/दुई वर्षमा सरुवा गर्ने मानसिकता राखेर यो क्षेत्रलाई चलाउन सकिँदैन । ग्यास क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री वा लिक्विड क्रोमाटोग्राफी-मास स्पेक्ट्रोमेट्री जस्ता जटिल उपकरणहरू चलाउन केवल 'सामान्य तालिम' होइन, गहिरो अनुभव र निरन्तर अभ्यास आवश्यक पर्छ । कुनै कार्यालयमा यस्ता उपकरण छन् भने पनि, दक्ष प्रयोगकर्ता नहुँदा ती केवल सजावटका वस्तु बन्न सक्छन् ।

कीटनाशक परीक्षण केवल स्वास्थ्यको कुरा होइन यो जनमानसको भरोसा, राष्ट्रको जिम्मेवारी र पुस्ताको भविष्यको कुरा हो । अब विज्ञानसँग हातेमालो गरेर नीतिलाई अघि बढाउने समय आएको छ । हाम्रो थालमा आउने प्रत्येक खानाले अनुमानित, होइन विज्ञानद्वारा प्रमाणित सुरक्षाको ग्यारेन्टी माग्छ । अब यो ग्यारेन्टी प्रदान गर्नुछ र यसको दायित्व विज्ञान बुझ्ने नीतिनिर्माताको काँधमा छ । कसले सोचेको थियो कि हाम्रा किसानको पसिना, श्रम र प्राणले सिञ्चित माटोमा उम्रेका अंकुरहरूमाथि एक दिन 'यी विषालु छन् कि' भनेर प्रश्न उठ्नेछ ? आज विज्ञानलाई मौन गराइएको छ, नीतिनिर्माताले यस मुद्दालाई प्राथमिकता दिन असफल भएका छन्, र हाम्रो थालमा खतराको स्वाद घुलिरहेको छ कि छैन भन्ने कसैलाई पत्तो छैन ।

त्यो स्वादमा मिसिएको अज्ञात रसायन कति छ र कस्तो असर पार्दैछ भन्ने कुरा बुझ्न अब विज्ञानको आँखा चाहिन्छ । विषादी मापन गर्न गाह्रो छ भन्ने कुरा सत्य हो तर नेपालले विज्ञान र नीतिको समन्वय गरेर यसलाई सजिलो बनाउन सक्छ । अबको आवश्यकता ठोस कार्यान्वयनको हो । त्यो कार्यान्वयनमा ल्याउने जिम्मा विज्ञानको हो, र निर्णयको जिम्मा नीतिनिर्माताको ।

*(साभार: अनलाइनखबर)*

# नेपालको जलवायु जन्य विपद्मा रैथाने व्यवस्थापन

✍ नवराज पोखरेल

नेपालमा जलवायु परिवर्तनको प्रभाव दिनानुदिन तीव्र बन्दै गएको छ । अत्याधिक बर्षाको कारण असोज १८ देखि २० गतेसम्मको अवधिमा मात्र पनि ५५ जनाभन्दा बढीको ज्यान तथा करोडौंको क्षति भएको छ । नेपालको भौगोलिक विविधता, हिमाली क्षेत्रदेखि तराईसम्म फैलिएको भू-भाग र कृषिमा आधारित जीवनशैलीका कारण जलवायु परिवर्तनको असर गहिरो रूपमा महसुस भइरहेको छ । जलवायु परिवर्तनको कारण वर्षाको अनियमितता, गर्मी र चिसोको अत्यधिक, बाढी, पहिरो, हिमताल विस्फोट र खेतीयोग्य जमिनमा नोक्सानीजस्ता समस्याहरू देखा परिरहेका छन् । हिमालमा हिउँ पग्लँदै जानु र पानीको मात्रा सुक्दै जानुले दीर्घकालीन पानीको संकटको खतरा निम्त्याइरहेको छ ।

नेपालले विश्वको हरित गृह ग्यास उत्सर्जनमा न्यून योगदान गरे तापनि यसको असर धेरै भोगिरहेको छ । कृषि, पर्यटन र जलस्रोतजस्ता प्रमुख क्षेत्रहरू जलवायु परिवर्तनबाट प्रभावित छन् । त्यसैले, नेपालले जलवायु परिवर्तनको चुनौती सामना गर्न स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा विभिन्न उपायहरू अपनाइरहेको छ । नवीकरणीय ऊर्जा प्रयोग, वन संरक्षण र सचेतना अभिवृद्धि जस्ता उपायहरूमार्फत समाधान खोज्ने प्रयास भइरहेका छन् ।

सन् १९७१ देखि २०२४ सम्मको तथ्यांकअनुसार, नेपालमा वार्षिक औसत तापक्रम प्रति दशकमा करिब ०.०५ डिग्री सेल्सियस बढेको पाइएको छ । यसले हिमालका हिउँ तीव्र गतिमा पग्लन थालेका छन्, जसका कारण हिमताल फुट्ने खतरा बढेको छ । नेपालमा हाल ३८०० भन्दा बढी हिमताल छन्, जसमध्ये करिब २१ वटा अत्यधिक जोखिममा रहेको सरकारको तथ्यांकले देखाउँछ । त्यसैगरी, जलवायु परिवर्तनले वर्षाको स्वरूपमा पनि परिवर्तन ल्याएको छ । अनियमित र अत्यधिक वर्षाले बाढी, पहिरो र खडेरीजस्ता प्राकृतिक प्रकोप निम्त्याइरहेको छ । सन् २०२३ को मात्रै तथ्यअनुसार, जलवायु जन्य विपद्का कारण ३५ लाखभन्दा बढी नेपाली प्रत्यक्ष रूपमा प्रभावित भएका थिए । हालैको मनसुनमा २० लाख मानिस प्रभावित हुने प्रक्षेपण गरेको छ । यस्ता प्रभावले नेपालजस्तो कृषि प्रधान देशमा खाद्य सुरक्षा, जलस्रोत र ग्रामीण आजीविकामा ठूलो असर पारेको छ । नेपालले हरितगृह ग्यास उत्सर्जनमा विश्वव्यापी रूपमा ०.०२ प्रतिशत मात्र योगदान गरे तापनि यसको असर असमान रूपमा बढी रूपमा भोगिरहेको छ ।

**प्रमुख जलवायु जन्य विपत्तिहरू**

बाढी, पहिरो, हिमताल बिस्फोट, खडेरी र सुक्खा अवधि, तापक्रम चरम स्थितिहरू, संक्रामक रोग र वन डढेलो जस्ता जलवायु जन्य विपद्को संख्या र बारम्बार बढ्दै गएको छन् । यहाँ हाम्रो रैथाने किसिमका क्रियाकलाप तथा ज्ञान र सीपले जलवायु जन्य विपद् व्यवस्थापनका विविध उपायबारे चर्चा गर्देछौं । जलवायु जन्य विपद्को नेपालमा प्रयोग हुने केही प्रमुख रैथाने (स्थानीय/परम्परागत) उपायहरू निम्न अनुसार पाइन्छ ।

**जैविक घाँसे बाँध**

नेपालमा रैथाने जैविक घाँसे बाँधको अवस्था हाल सुधारको दिशामा छ । पहाडी र तराई क्षेत्रमा जमिनको कटान, पहिरो रोकथाम र माटो संरक्षणका लागि जैविक बाँध निर्माणमा ध्यान दिन थालिएको छ । धेरैजसो जिल्लाहरूमा स्थानीय जैविक पदार्थ र रैथाने घाँसको प्रयोग गरी बाँध बनाउने कार्य बढ्दै गएको छ, जसले माटोको स्थिरता बढाउने र वर्षा पानीको सतह बहाव कम गर्ने काम गर्छ । खासगरी कर्णाली, सुदूरपश्चिम र मध्यपहाडी क्षेत्रहरूमा कृषकहरू र स्थानीय प्रशासनको सहयोगमा यस्तो जैविक बाँध निर्माण भइरहेको छ । यद्यपि, अझै पनि केही ठाउँमा प्रविधिको अभाव र जनचेतनाको कमीले गर्दा यसको प्रयोग प्रभावकारी रूपमा विस्तार हुन सकेको छैन ।

रैथाने जैविक घाँसे बाँधको महत्व अत्यन्तै ठूलो छ । यसले माटोको कटान रोक्नका साथै प्राकृतिक स्रोतहरूको संरक्षणमा मद्दत पुऱ्याउँछ । साथै, पारम्परिक बाँधहरूको तुलनामा कम खर्चिलो, पर्यावरणमैत्री र दीर्घकालीन रूपमा टिकाउ हुने भएकाले यसलाई दिगो विकासका लागि उपयुक्त विधि मानिन्छ । यसले वर्षा जल नियन्त्रण, भूमिगत पानीको पुनर्भरण र स्थानीय जैविक विविधता संरक्षणमा पनि सकारात्मक प्रभाव पार्दछ । नेपालजस्तो भौगोलिक रूपमा अस्थिर मुलुकमा जैविक बाँधहरूले पहिरो जोखिम घटाउन र कृषिमा स्थिरता ल्याउन महत्वपूर्ण भूमिका खेलिरहेका छन् । यो रैथाने प्रविधि अन्तर्गत भिरालो जमिनमा पहिरो रोक्नका लागि गाभा घाँस, धनियाँ घाँस, बनस घाँस आदि रोपिन्छ । जसको कारण माटो बगाउँदैन, स्थानीय सामग्री प्रयोग हुन्छ र यो घास पशुपालनमा पनि उपयोगी हुने गरेको छ ।

**ढुंगेधारा र पँधेरो संरक्षण**

नेपालमा रैथाने तरिका अनुसार ढुंगेधारा र पँधेरो संरक्षण गरी विपद् नियन्त्रण गर्ने परम्परागत विधिहरू अझै पनि धेरै गाउँहरूमा प्रभावकारी रूपमा प्रयोग भइरहेका छन् । ढुंगेधारा निर्माणले पहाडी भू-भागमा पानीको बहावलाई नियन्त्रण गरी माटोको कटान र पहिरोको जोखिम कम गर्छ । गाउँलेहरूले स्थानीय स्रोतबाट जुटाएको ढुंगा, माटो र घाँसजस्ता जैविक पदार्थको संयोजनबाट बनेका यी संरचनाहरूले पानीलाई नियन्त्रित तरिकाले झरना वा खोलातर्फ मार्गदर्शन गर्छन् । पँधेरोमा जडित रैथाने बोटबिरुवाले जमिनलाई बलियो बनाउने र सतह पानीलाई सोस्न मद्दत गर्ने भएकाले यसले भू-क्षय र माटोको क्षयबाट बचाउँछ । यसरी ढुंगेधारा र पँधेरो संरक्षणले प्राकृतिक विपद्जस्तै पहिरो, बाढी, र माटो झर्ने घटनाहरूलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न मद्दत पुऱ्याउँछ ।

यस किसिमको संरक्षणले न केवल माटोको संरक्षण गर्छ, सँगसँगै स्थानीय जलस्रोतहरूको संरक्षणमा पनि योगदान दिन्छ । जब पानीले सहजै जमिनमा सोसिनेछ र बग्ने बाटो व्यवस्थित हुने भएकाले बाढीको जोखिम कम हुन्छ र भूमिगत जलस्तर उच्च रहन्छ । साथै, यो परम्परागत संरक्षणले आर्थिक रूपमा पनि सस्तो पर्छ र स्थानीय समुदायमा स्वामित्व र जिम्मेवारी भावना जागृत गर्छ । नेपालमा यस्तो रैथाने विधि अपनाएर ग्रामीण भेगहरूमा प्राकृतिक विपद्बाट हुने क्षति न्यूनिकरण गरी दिगो विकास सम्भव छ । यसले खडेरीका समयमा पानीको सुनिश्चितता गर्दै सामाजिक-सांस्कृतिक सम्पदा संरक्षण पनि हुने गर्दछ ।

**गरा, आली खेती**

नेपालमा रैथाने तरिकाले बनाइने (टेरे सिङ)ले विपद् व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेलेको छ । पहाडी भू-भागमा खेतीयोग्य जमिन सीमित र सतहमा पानीको बहाव अत्यधिक हुने हुँदा, टेरे सिङले जमिनलाई चरणबद्ध रूपमा संरचना गरी माटोको कटान र पहिरोको जोखिम कम गर्छ । पानी जमिनमा सोसिन्छ र सतहबाट बहने पानीको गतिशीलता नियन्त्रणमा आउँछ, जसले बाढी र पहिरोको सम्भावना न्यूनीकरण गर्छ । यसले भूमिगत जल स्तर पनि बढाउन मद्दत पुऱ्याउँछ, जसले सुक्खा अवधिमा पानीको अभाव घटाउँछ ।

त्यसैगरी, परम्परागत टेरे सिङले कृषकहरूलाई सशक्त बनाउँदै गाउँमा खाद्य सुरक्षालाई मजबुत पार्छ र विपद्पछिको पुनर्निर्माणमा सहयोग पुऱ्याउँछ । नेपालका धेरै पहाडी क्षेत्रहरूमा स्थानीय समुदायले सदियौंदेखि यस प्रणालीलाई अपनाएर प्राकृतिक विपद्को सामना गर्दै आएका छन् । सरकार र गैरसरकारी संस्थाहरूले पनि यस प्रचलित प्रविधिलाई प्रवर्द्धन गरी कृषकहरूलाई प्रशिक्षण दिइरहेका छन् ताकि दिगो विकास र विपद् प्रतिरोधी कृषि व्यवस्था सुदृढ होस् । यसरी टेरे सिङले न केवल माटो संरक्षण गर्छ, तर ग्रामीण अर्थतन्त्र र वातावरणीय सन्तुलनमा समेत सकारात्मक प्रभाव पार्दै आएको छ । यसले माटो बग्न दिँदैन, वर्षा पानी धेरे बेर जमेर अव शोषित हुन्छ र बाढी कम हुन्छ ।

**वन संरक्षण र सामुदायिक वन व्यवस्थापन**

नेपालमा रैथाने वन संरक्षण र सामुदायिक वन व्यवस्थापनले विपद् व्यवस्थापनमा अतुलनीय योगदान पुऱ्याएको छ । पहाडी भू-भागमा हुने पहिरो, माटो क्षय, र बाढी जस्ता प्राकृतिक विपद्हरूको मुख्य कारण वन विनाश र जमिनको अस्थिरता हो । सामुदायिक वन व्यवस्थापनले स्थानीय समुदायलाई वन संरक्षणमा संलग्न गराएर वनको सतत् व्यवस्थापन र संरक्षण सुनिश्चित गरेको छ । यसले वन्यजन्तु आवास, माटो संरक्षण, र पानीको प्रवाह नियन्त्रणमा सहयोग पुऱ्याउँछ । उदाहरणका लागि, सामुदायिक वनले पहाडी भू-भागमा गहिरो जरा भएको वृक्षारोपण मार्फत पहिरो र बाढीको जोखिम कम गर्न मद्दत पुऱ्याउँछ, साथै वनले वर्षा पानीलाई जमिनमा सोस्न सहयोग गरेर भूमिगत जलस्तर उकास्ने काम गर्छ ।

सामुदायिक वनले आर्थिक र सामाजिक पक्षबाट पनि विपद् व्यवस्थापनलाई मजबुत बनाएको छ । स्थानीय समुदायले वन संरक्षणमार्फत जीविकोपार्जन गर्ने अवसर पाउँदा वातावरणीय संरक्षणप्रति जिम्मेवारी बढ्छ र वन विनाश घट्छ । यसले दीर्घकालीन रूपमा वातावरणीय सन्तुलन कायम राख्न मद्दत पुऱ्याउँछ र जलवायु परिवर्तनको प्रभावलाई समेत कम गर्छ ।

क्रमशः पृष्ट-३....

# तरकारीको भाउ ५०० प्रतिशतसम्म वृद्धि, किन बढिरहेछ निरन्तर ?




काठमाडौं / बजारमा हरियो तरकारीको भाउ निरन्तर उकालो लागिरहेको छ । यो समय सिजनका तरकारी भित्रिएर भाउ घट्नुपर्ने बेला हो । तर, काठमाडौं उपत्यकाका उपभोक्ता भने दिनहुँ तरकारीमा महँगो तिर्न बाध्य छन् । थोक (होलसेल) मै भाउ बढेको तरकारी खुद्रामा छोइनसक्नु छ । असोजमा पनि अविरल वर्षाले महँगाएको तरकारीको भाउ घट्न नसकेका बेला अहिले फेरि वर्षा भइरहँदा त्यसको असर उपभोक्ताको भान्सामा प्रत्यक्ष परेको छ ।

व्यापारीले बुधबारदेखि परेको पानीलाई बहाना बनाएर फेरि तरकारीको भाउ मनपरी बढाएका छन् । बिहीबार बिहान काठमाडौं नयाँ बानेश्वरकी सुजता भट्ट तरकारी पसलमा आलु किन्न भाउ सोध्दै थिइन् । पसलेले आलुको भाउ किलोको १ सय रुपैयाँ बताए । फेरि उनले घिउसिमीको भाउ सोधिन् । जवाफ आयो, 'किलोको १ सय ७० रुपैयाँ ।'

'एक साताअघि त ५० रुपैयाँमा लगेको हो आलु, आजै सय रुपैयाँ पुगिसक्यो ?,' उनले पसलेलाई भनिन्, 'पसलेको पनि मनपरी छ, जसलाई जति मन लाग्छ त्यति नै भने भयो ।' पसलेले होलसेलमै तरकारीको भाउ बढेकाले खुद्रामा पनि बढाउनुपरेको तर्क गरे । 'अहिले फेरि वर्षा सुरु भएकाले बजारमा पर्याप्त मात्रामा हरियो तरकारी आएको छैन,' ती पसलेले भने, 'आएका तरकारी अधिकांशको होलसेलमै भाउ बढेको छ, हामीले घाटा खाएर बेच्न सकिँदैन ।'

कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको तथ्यांकले साउनदेखि नै अधिकांश तरकारीको भाउ होलसेलमा नै उल्लेख्य वृद्धि भएको देखाउँछ । कालीमाटी तरकारी बजारका अनुसार चार महिना अवधिमै तरकारीको भाउ झन्डै ५ सय प्रतिशतसम्म वृद्धि भएको छ । खुद्रामा भने कुनै पनि तरकारी १ सय रुपैयाँभन्दा कममा किन्न पाइँदैन । खुद्रामा व्यापारीको आफ्नै मनोमानी छ ।

अहिले पनि खुद्रामा तने बोडी प्रतिकिलो १ सय ५० देखि १ सय ७० रुपैयाँसम्म किनबेच भइरहेको छ । यस्तै घिउसिमी पनि किलोको १ सय २० देखि १ सय ६० रुपैयाँसम्म बेचेको पाइएको छ । तिते करेला, लौका, फर्सीसमेत किलोको १ सय रुपैयाँमाथि नै खुद्रा व्यापारीले बेचिरहेका छन् ।

**कुन तरकारीको भाउ कति ?**

१ साउनदेखि १३ कात्तिकसम्म आइपुग्दा तने बोडीको भाउ मात्रै ४ सय ९२ प्रतिशतसम्म बढेको छ । कालीमाटी बजारकै तथ्यांकले यस अवधिमा तिते करेलाकै भाउ ४ सय १४ प्रतिशत बढेको देखाउँछ । १ साउनमा किलोको १९ रुपैयाँमा किनबेच भएको तने बोडीको होलसेल भाउ १३ कात्तिकमा आइपुग्दा १ सय १२ रुपैयाँ पुगेको छ । यस्तै तिते करेला प्रतिकिलो १७ बाट बढेर ८७ रुपैयाँमा किनबेच भइरहेको छ । यी दुवै तरकारीको भाउ ४ सयदेखि ५ सय प्रतिशतसम्म बढेको देखिन्छ ।

लौकाकै मूल्यमा पनि उच्च वृद्धि भएको छ । १ साउनमा किलोको २१ रुपैयाँमा कारोबार भएको लौका १३ कात्तिकसम्म आइपुग्दा २ सय १९ प्रतिशतले बढेर ६७ रुपैयाँ पुगेको छ । यस्तै हरियो फर्सी (लाम्चो) को भाउ पनि २ सय ५७ प्रतिशत बढेको छ । भिन्डीको भाउ २ सय १६ प्रतिशत बढेको छ ।

यस्तै ब्रोकाउली १ साउनमा प्रतिकिलो ६० रुपैयाँमा किनबेच भएकामा अहिले १ सय ७० रुपैयाँमा किनबेच भइरहेको छ । १ साउनमा हरियो फर्सीको भाउ २१ रुपैयाँ थियो । अहिले ७५ रुपैयाँ कायम छ । चिचिन्डो साउनमा किलोको २५ रुपैयाँमा किनबेच भएकामा आजसम्म आइपुग्दा १ सय २५ प्रतिशतले बढेर ५६ रुपैयाँ पुगेको छ । ४ महिना अवधिमा ब्रोकाउलीको भाउ १ सय ५७ प्रतिशत बढेको छ ।

यस्तै आलुको भाउ पनि ८० देखि ६८ प्रतिशतसम्म बढेको छ । साउनमा प्रतिकिलो ४३ रुपैयाँ रहेको रातो आलु १३ कात्तिकमा ८० प्रतिशतले बढेर ७८ रुपैयाँ पुगेको छ । यस्तै ४ महिना अवधिमा भने प्याजको भाउ १८ प्रतिशत घटेको छ । १ साउनमा किलोको ४७ रुपैयाँमा किनबेच भएको प्याज १३ कात्तिकमा ३९ रुपैयाँमा झरेको छ । भटमासकोसाको भाउ पनि किलोको १ सय १० बाट घटेर ८५ रुपैयाँमा किनबेच भइरहेको तथ्यांकले देखाउँछ । स्कुसको भाउ प्रतिकिलो ६१ प्रतिशतले घट्दा रायो साग ३२ प्रतिशत र तोरी साग ३३ प्रतिशतले घटेको छ ।

**भाउ त्यति बढेको छैन : कालीमाटी तरकारी बजार**

कालीमाटी तरकारी तथा फलफूल बजार विकास समितिका सूचना अधिकारी विनय श्रेष्ठले भने तरकारीमा हाल मूल्यवृद्धि त्यति धेरै नभएको दाबी गरे । केही तरकारीमा भने मूल्य घटेको पनि उनले बताए । 'अहिले वर्षायामको तरकारीको सिजन सकिएको र हिउँदे तरकारी बजारमा पूर्णरूपमा आइनसकेकाले बजारमा ग्यापको अवस्था छ,' उनले भने, 'बजारमा तरकारी कम भित्रिएको भाउ घट्न नसकेको हो ।'

**हिउँदे तरकारी आएपछि भाउ घट्ने अपेक्षा**

कालीमाटी तरकारी बजारका सूचना अधिकारी श्रेष्ठले धानबाली काट्ने काममा किसानहरू व्यस्त रहेकाले हिउँदे तरकारी उत्पादन बजारमा आउन केही समय लाग्ने बताए । 'धान काटिसकेपछि हिउँदे तरकारी उत्पादन बढेर बजार आउन थालेपछि भाउ घट्ने अपेक्षा छ,' सूचना अधिकारी श्रेष्ठले भने, 'करिब डेढ साता वा दुई साताभित्र आउने र त्यसपछि बजारमा तरकारीको भाउ सामान्यीकरण हुन्छ ।'

श्रेष्ठले बजारमा थोरै मात्रामा नयाँ आलु भित्रिएको हुँदा मूल्य बढेको बताए । पहिले बजारमा आउने रातो आलु (मकवानपुरतर्फ) को सिजन सकिएको र अहिले नयाँ आलु बजारमा आइरहेको उनको भनाइ छ । 'नयाँ आलुको सिजन भर्खरै सुरु भएकाले र बजारमा यसको आगमन कम हुँदा भाउ केही बढेको हो,' उनले भने, 'आगामी सातादेखि नयाँ आलुको भाउ पनि घट्ने अपेक्षा छ ।'

उनका अनुसार मौसमी चक्र, प्राकृतिक प्रकोप र बजारमा तरकारी आपूर्तिको कमी नै यसको मुख्य कारण हो । उनले हिउँदे तरकारी बजारमा पर्याप्त मात्रामा आएपछि मात्र मूल्यमा केही स्थिरता आउने सक्ने बताए ।

**वर्षाले भाउ बढायो**

नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघ अध्यक्ष भरतप्रसाद खतिवडाले पछिल्लो समय आएको वर्षाका कारण बजारमा तरकारीको आपूर्तिमा कमी आएकाले भाउ बढेको दाबी गरे । 'पानी परेकाले बाटोघाटोको अवस्था पनि असहज बनेको र यसले गर्दा होलसेलमा तरकारीको व्यापार समेत कम भएको छ,' उनले थपे । यस अतिरिक्त किसानहरू धान काट्ने काममा व्यस्त भएकाले तरकारी टिप्न पर्याप्त ध्यान दिन नपाउँदा पनि बजारमा तरकारी आउन कम भएको उनको भनाइ छ ।

**तरकारी आयातको अवस्था**

कालीमाटी तरकारी बजारमा बिहीबार हरियो तरकारी मात्रै १ लाख ४७ हजार ६ सय ५० किलो आयात भएको तथ्यांकले देखाउँछ । यस्तै हिजो बुधबार ३ लाख ७७ हजार ७ सय ९ किलो आयात भएको थियो । मंगलबार पनि हरियो तरकारी मात्रै ३ लाख ५३ हजार ९६ किलो आयात भएको थियो । सोमबार पनि ३ लाख ८४ हजार ३ सय २५ किलो तरकारी आयात भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'भ्वाइस अफ नेपाल' सातौं सिजनको ग्राण्ड प्रिमियर




काठमाडौं / प्रतीक्षित सांगीतिक रियालिटी शो 'द भ्वाइस अफ नेपाल'को सातौं सिजनलाई बिहीबार ग्राण्ड प्रिमियर गरिएको छ । आइएनआई सिनेमाजको जमलस्थित विश्वज्योती हलमा आयोजित प्रिमियर समारोहमा सेलिब्रेटी, संचारकर्मी र प्रायोजकको सहभागिता रह्यो । उक्त अवसरमा सिजनको पहिलो एपिसोड प्रदर्शन गरिएको थियो । प्रिमियरमा सहभागीले पहिलो एपिसोडको मुक्तकण्ठले प्रशंसा गरे ।

निर्देशक लक्ष्मण पौड्यालले सातौं सिजनमा नयाँ प्रतिभा र स्वरको उत्साहजनक सहभागिता रहेको बताए । चारैजना कोच यसअघि विजेता भैसकेकाले यो सिजन निकै प्रतिस्पर्धात्मक हुने उनले बताए ।

कोच प्रमोद खरेल र राजु लामाले पनि नयाँ सिजनमा कडा प्रतिस्पर्धा हुने बताए । यी दुबैजना कोच नयाँ सिजनमा फर्किएका हुन् । 'प्रतिस्पर्धा कडा हुने भएपनि कुनै दबाब विना म देखिनेछु' कोच प्रमोदले भने ।

कोच राजुले पनि नयाँ प्रतिभाको उत्साहजनक सहभागिता यसमा भएको बताए । हिमालय टिभीका कार्यकारी निर्देशक श्याम कँडेलले टिभीले युवा लक्षित सामग्री केन्द्रित कार्यक्रम ल्याउने बताए । यसपटक राजु र प्रमोदसहित मेलिना राई र खेम सेञ्चुरी कोचको रुपमा सहभागी छन् ।

'दर्शकको रुचि र चाहना अनुसार युवा लक्षित कन्टेन्ट ल्याउनमा हामी केन्द्रित छौं' उनले भने । सो अवसरमा हिमालय टिभीका तर्फबाट अध्यक्ष धर्मराज भुसाल र प्रायोजकहरूले सम्झौता पत्रमा हस्ताक्षर गरे । सातौं सिजनको शीर्ष प्रायोजक भेसलिन रहेको छ । भेसलिनका प्रमुख वित्तिक अधिकृत आयुष शर्माले स्वस्थ आवाजजस्तै स्वस्थ छाला जरुरी रहेको बताए । 'भ्वाइससँग सहकार्य गर्न पाएकोमा हामी खुसी छौं' उनले भने ।

पहिलो एपिसोड रोचक देखियो । बुद्धि परियारको बहुचर्चित गीत 'रेशम फिरिरी'लाई चारैजना कोचले गाउँदै सिजनको सुरुवात गरे । सातौं सिजनमा 'सुपर ब्लक' नामक नयाँ नियम ल्याइएको छ । यसको अर्थ, कुनै कोचलाई अर्को कोचले आफ्नो विशेषाधिकार प्रयोग गरेर कुर्सी उल्टो घुमाइदिएर प्रतिस्पर्धी छनोटमा रोक लगाउन सक्छ ।

पहिलो एपिसोडमा आफूले झुक्किएर 'सुपर ब्लक'को बटन थिचेको कोच राजुले बताएका छन् । उनलाई यसबारे पत्रकारले पनि प्रश्न गरेका थिए । उनले झुक्किएर भन्ने जवाफ दिएका थिए । शुक्रबारदेखि ब्लाइन्ड अडिसन प्रसारण हुनेछ । त्यसपछि ब्याटल सहितका प्रतिस्पर्धामा शो अघि बढ्नेछ । द भ्वाइस अफ नेपालको सातौं सिजन हिमालय टिभीमा प्रत्येक शुक्रबार र शनिबार राती ८ बजेदेखि प्रसारण हुने जनाइएको छ ।

# 'परान'को टिकट बुकिङ खुल्यो, कति पायो शो ?



काठमाडौं / तिहारको छेकोमा रिलिज भएको फिल्म 'जेरी अन टप'ले दुई सातादेखि बक्स अफिसमा एकछत्र रजाइँ गरिरहेका बेला शुक्रबार (१४ कात्तिक)बाट फिल्म 'परान' व्यावसायिक प्रतिस्पर्धामा उत्रिँदैछ । योसँगै साउथ फिल्म 'बाहुबली'को नयाँ संस्करण 'बाहुबली : द एपिक' पनि एकसाथ प्रदर्शन हुन लागेकाले 'परान'लाई बक्स अफिसमा ठूलो चुनौती सिर्जना भएको छ ।

बिहीबार साँझ प्रिमियर गर्न लागिएको यो फिल्मको बुधबारबाट देशभरका अधिकांश मल्टीप्लेक्सहरूले अग्रिम टिकट बुकिङ खुला गरेका छन् । हलमा स्वदेशी र विदेशी फिल्मको चाप उच्च रहेकाले 'परान'ले अपेक्षित शो भने पाउन सकेको छैन । फिल्मले पहिलो दिनका लागि देशभर ६४ शो पाएको खल्ती एपमा देखिन्छ । जसमा २८ शो क्यूएफएक्स चेनमा मात्र छ ।

'जेरी अन टप' र 'बाहुबली: द एपिक'ले २ सयभन्दा बढी शो 'होल्ड' गर्दा 'परान' कम शोमा खुम्चिन बाध्य भएको हो । यद्यपि, ६४ शो न्यून भने होइन । यसमा ५० प्रतिशत मात्रै पनि अकुपेन्सी हासिल भएमा ओपनिङ सफल हुनेछ । फिल्म भावनात्मक सम्बन्धको कथामा आधारित भएकाले पारिवारिक दर्शकले साथ दिनेमा निर्माण टिम विश्वस्त छ ।

चर्चित हास्य कलाकार दीपक प्रसाद आचार्य 'काकु'को निर्देशनमा बनेको यो फिल्ममा नीर शाह, मदनकृष्ण श्रेष्ठ, पूजा चन्द, केकी अधिकारी, अञ्जना बराइली, महेश त्रिपाठी, प्रविन खतिवडा, यमन श्रेष्ठ, बुद्धि तामाङ, बबिन राई लगायतको अभिनय रहेको छ । चर्चित व्यापारिक घराना गोल्छा समूहका शेखर गोल्छा र प्रिज्मा एड्भर्टाइजिङका रञ्जित आचार्यले फिल्मको निर्माण गरेका हुन् ।

# नेपालको जलवायु जन्य....

नेपाल सरकारले सामुदायिक वनलाई कानूनी सुरक्षा दिएर यसको व्यवस्थापनमा जनताको सहभागिता सुनिश्चित गरेपछि, देशका थुप्रै ठाउँमा विपद् जोखिम न्यूनीकरणमा उल्लेखनीय सुधार आएको छ । यसले गाउँहरूलाई प्राकृतिक विपद्बाट सुरक्षित राख्न र दिगो विकास हासिल गर्न सहजीकरण गरेको छ । समग्र मा यसले पहिरोको जोखिम कम गर्दै वर्षा पानी अवशोषण र बन डढेलो रोकथाम हुनेछ ।

**पानी सञ्चयका परम्परागत प्रणाली**

नेपालमा रैथाने पानी सञ्चयका परम्परागत प्रणालीहरूले विपद् रोकथाममा महत्वपूर्ण भूमिका खेलेका छन् । ढुंगेधारा, पँधेरो, इनार, कुलो, र गाग्री प्रणालीजस्ता संरचनाहरूले सतही पानीलाई व्यवस्थित रूपमा संकलन र वितरण गरेर जमिनको क्षय, बाढी, र पहिरोको जोखिम कम गर्न मद्दत पुऱ्याउँछन् । विशेषगरी पहाडी क्षेत्रहरूमा पानीलाई ढलानबाट बग्न नदिई चरणबद्ध रूपमा जमिनभित्र सोसिन दिने प्रणालीहरूले माटोको कटान रोक्ने र जमिनलाई स्थिर बनाउने काम गर्छ । यसले वर्षा र बाढीको समयमा पानी सिधै बगेर खाल्डा-खुल्डीमा जम्ने वा पहिरो उत्पन्न हुने खतरा न्यून गर्छ ।

यी परम्परागत प्रणालीहरूले सुक्खा अवधिमा पनि जल आपूर्ति निरन्तरता कायम राखेर सामाजिक र आर्थिक स्थायित्वमा योगदान पुऱ्याएका छन् । स्थानीय समुदायहरू यी संरचनाहरूको संरक्षणमा संलग्न रहँदा जन भावना बढ्छ र दीर्घकालीन उपयोग सुनिश्चित हुन्छ । हाल जलवायु परिवर्तनका कारण पानीको स्रोतहरू सुक्दै जाँदा, यिनै परम्परागत प्रणालीहरूको पुन:संरचना र संरक्षण आवश्यक हुँदै गएको छ । नेपालमा थुप्रै गाउँहरूले पुराना पानीका स्रोतहरूको पुन: उद्धार गरेर जलस्रोत व्यवस्थापन गर्दै विपद् न्यूनीकरणमा आत्मनिर्भरता देखाएका छन् । यसले दिगो, स्वाभाविक र वातावरणमैत्री उपायबाट विपद् रोकथाम र जल सुरक्षा सुनिश्चित गरिरहेको छ । जस्तै हिउँदे कुलो (सर्दी याममा पानी ल्याउन बनाइने कुलो), छाङ (हिमाली क्षेत्रमा घरको छानामा पानी जम्मा गर्ने परम्परा) तथा पोखरी र इनार । यी बाट पानी को संकट न्यूनीकरण गर्दै सिँचाइमा सहयोग हुने गरेको छ ।

**परम्परागत खेती प्रणाली**

विपद् व्यवस्थापनमा परम्परागत खेती प्रणाली र रैथाने जातहरूले महत्वपूर्ण योगदान पुऱ्याउँछन्, विशेषत: नेपालजस्तो जैविक र सांस्कृतिक विविधता भएको देशमा । परम्परागत खेती प्रणालीहरूजस्तै मिश्रित खेती, परम्परागत टेरे सिङ, र मौसम अनुसार बाली घुमाउने , अभ्यासले माटोको उब्जाउन कायम राख्नुका साथै वर्षा, खडेरी, र बाढी जस्ता विपद्को समयमा बाली क्षतिको जोखिम कम गर्छ । यी प्रणालीहरू वातावरण अनुकूल, सस्तो र दीर्घकालीन रूपमा टिकाउ हुने भएकाले विपद्को सामना गर्न गाउँ स्तरमै सक्षम बनाउँछन् । साथै, जैविक मल र स्थानीय स्रोतको प्रयोगले भूमिमा पानीको सोस्ने क्षमतालाई बढाउने र माटोको क्षय कम गर्ने कार्यमा समेत मद्दत गर्दछ ।

त्यस्तै, रैथाने बाली जातहरूजस्तै मडुवा, फापर, जौ, कालो मकै, र स्थानीय धान जातहरू– वातावरणीय तनाव, सुक्खा वा अत्यधिक पानी सहन सक्ने क्षमता भएका हुन्छन् । यी जातहरू जलवायु परिवर्तनबाट उत्पन्न हुने जोखिम ( जस्तै असिनापानी, असमय बर्खा, तातो-चिसो हावा) सहनसक्ने हुँदा विपद्को समयमा पनि उत्पादन गर्न सकिन्छ । स्थानीय समुदायले यी जातहरूको संरक्षण र प्रयोग गरेर खाद्य सुरक्षा कायम राख्न सक्छन्, जसले आपतकालीन अवस्था र विपद्पछिको पुन:स्थापनामा ठूलो मद्दत पुऱ्याउँछ । परम्परागत ज्ञान, स्थानीय बीउ बैंक र सामूहिक खेतीको अभ्यासमार्फत परम्परागत खेती प्रणाली र जातहरूलाई सुरक्षित राखेर नेपालले विपद् व्यवस्थापनमा आत्मनिर्भरता बढाइरहेको छ ।

**स्थानीय भवन निर्माण शैली**


नेपालमा रैथाने स्थानीय भवन निर्माण शैलीले विपद् व्यवस्थापनमा परम्परागत तर प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ । विशेषत: पहाडी र हिमाली क्षेत्रहरूमा प्रयोग गरिने ढुंगा माटो, काठ, चोया (माटो र परालको मिश्रण), र स्थानीय ढाँचामा बनाइएका घरहरू मौसम अनुकूल र भूकम्प-प्रतिरोधी बनाइन्थे । यी भवनहरू सामान्यतया हल्का सामग्री र लचक दार संरचनाले बनेका हुन्थे, जसले भूकम्पको झट्का सहन सक्थे र पूर्ण रूपमा ध्वस्त हुने सम्भावना कम हुन्थ्यो । उदाहरणका लागि, गोर्खा, दोलखा, र मुस्ताङ जस्ता जिल्लाहरूमा प्रयोग हुने थापाका घरहरू, हाउजिङ डोमा, र काठ-ढुंगाको टेको प्रणालीले भूकम्पका समयमा जनधनको क्षति न्यूनीकरण गरेको देखिन्छ ।

त्यस्तै, रैथाने शैलीले बाढी, चिसो, तातो हावा, र वर्षाको प्रभावबाट सुरक्षित रहने उपायहरू पनि अपनाउने गर्थे । घरको छानामा ढलान राखेर पानीको सहज निकास मिलाउनु, जस्तापाताको सट्टा ढुंगा वा घाँसको छाना प्रयोग गर्नु, र घर वरपर पानीको बहाव मिलाउने कुलो बनाउनु जस्ता उपायले बाढी र कटान नियन्त्रणमा मद्दत गर्थ्यो । यी शैलीहरू स्थानीय वातावरण, मौसम र उपलब्ध स्रोतअनुसार निर्माण गरिएकाले त्यस क्षेत्रको विपद् जोखिमसँग मिलेर विकसित भएका थिए ।

नेपालका विभिन्न जातीय समुदाय (जस्तै तामाङ, गुरुङ, थारु, मगर, शेर्पा आदि) का आफ्नै जलवायु-अनुकूल परम्परागत उपायहरू छन् । यी उपायहरू वैज्ञानिक दृष्टिकोणबाट पनि प्रभावकारी छन्, तर आधुनिक प्रविधिका साथ संयोजन गरिएमा अझ प्रभावशाली बन्न सक्छन् ।कम लागत, सामाजिक स्वामित्व, स्थानीय अवधारणा र दीर्घकालीन अभ्यासले यी उपायहरूलाई प्रभावकारी र उपयोगी बनाउँछन् । तर पुस्तान्तरण संकट, आधुनिक सहजतासँग राष्ट्र-प्रविधिमा विसंगति, वैज्ञानिक प्रमाणको अभाव, बजेट तथा नीति समर्थनको कमीले गर्दा यी उपायहरू स्वास्थ्य पूर्ण विकल्पको रूपमा उपयोग हुँदै पनि ओझेलमा परिरहेका छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# ३६ दिनमा थपिए ८५ हजार १०७ नयाँ मतदाता



काठमाडौं / निर्वाचन आयोगले पछिल्लो पटक मतदाता नामावली संकलन सुरु गरेको ३६ दिन भयो । यसबीचमा ८५ हजार १०७ मतदाता थपिएका छन् । निर्वाचन आयोग स्रोतका अनुसार काठमाडौंबाट ११ हजार २३० जना मतदाता थपिएका छन् ।

ललितपुरबाट ४ हजार ९९३ जना, भक्तपुरबाट ३ हजार ४३७ जना, मोरङबाट ३ हजार २८४ जना, चितवनबाट ३ हजार ६३ जना, रुपन्देहीबाट ३ हजार ३२ जना, झापाबाट २ हजार ९७८ जना, सुनसरीबाट २ हजार ६२३ जना, सप्तरीबाट २ हजार ३५५ र बाराबाट २ हजार ३३१ जना नयाँ मतदाता थपिएका छन् ।

निर्वाचन आयोगले जेनजीलाई लक्षित गरी अध्यादेश मार्फत् मतदाता नामावलीमा नाम दर्ता खुला गरेको हो । जारी मतदाता नामावली संकलन यही कात्तिक ३० गतेसम्म जारी रहनेछ । आगामी २१ फागुनमा तोकिएको प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी मतदाता नामावली संकलन जारी राखिएको आयोगले जनाएको छ ।

आयोगका अनुसार १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त नागरिकहरूले प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयहरूमा गएर नाम दर्ता गर्न सक्नेछन् । सार्वजनिक बिदाको दिन बाहेक बिहान ८:०० बजेदेखि बेलुकी ६:०० बजेसम्म नामावली दर्ता गर्न सक्नेछन् ।

जेनजी आन्दोलनपछि गठन भएको अन्तरिम सरकारले ताजा जनादेशका लागि आगामी २१ फागुनमा निर्वाचन गर्ने घोषणा गरेको छ । निर्वाचनको मिति घोषणा भएपछि मतदाता नामावली संकलन कार्य स्वत: स्थगित हुने प्रावधान छ ।

तर, राजनीतिक परिवर्तनका लागि भूमिका निर्वाह गरेका थुप्रै युवाहरूको योग्यता पुगेर पनि मतदाता नामावलीमा नाम दर्ता नभएकाले उनीहरूका लागि नाम दर्ता गराउने कानुनी गाँठो फुकाउन सरकारले अध्यादेश ल्याएको हो ।

अध्यादेशअनुसार आयोगले मतदाता नामावली संकलन गत असोज ९ गतेबाट सुरु गरेको हो । जस अन्तर्गत मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रममा कानुन बमोजिम मतदाता हुन योग्यता पुगेका नेपाली नागरिकहरूले आफ्नो नाम दर्ता गर्न सक्ने छन् ।

यसका अलावा विवाह भई अन्यत्र गएका, बसाइ सराइ गरेका मतदाताले ठाउँसारी गर्न सक्नेछन् । मतदाता नामावलीमा नाम तथा अन्य विवरणमा त्रुटि भएमा पनि सच्याउन सकिनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# टिजरको प्रभाव: तीन देशमा बिक्यो 'परिवर्तन'को प्रदर्शन अधिकार

काठमाडौं/गत सोमबार फिल्म 'परिवर्तन'को टिजर रिलिज भयो । एक्सनलाई केन्द्रमा राखिएको टिजरले फिल्मको हाइप नै एकाएक चुल्याएको छ । सामाजिक सञ्जालमा टिजरले उत्साहजनक प्रतिक्रिया पाउँदै दर्शकको ध्यान आकर्षित गरेको छ । टिजरले सिर्जना गरेको सकारात्मक प्रभावपछि यतिबेला विदेशमा फिल्मको माग समेत बढेको छ ।

बुधबार मात्र निर्माण पक्षले तीन देशमा फिल्मको प्रदर्शन अधिकार बिक्री गऱ्यो । कतार, यूएई र जापानमा फिल्म बिक्री भएको हो । कतार र युएईका लागि अशिष इन्टरटेनमेन्टले प्रदर्शन अधिकार खरिद गरेको छ भने जापान अधिकार युना इन्टरटेनमेन्टले किनेको निर्माता दीपक सिवाकोटीले बताए । अन्य केही दिनका लागि पनि कुरा भइरहेको उनको भनाइ छ ।

विजय केरुङको निर्देशनमा बनेको 'परिवर्तन'को टिजरमा अभिनेता सुशील श्रेष्ठलाई एक्सन अवतारमा प्रस्तुत गरिएको छ । उनको एक्सन नै टिजरको सबैभन्दा आकर्षक पक्ष हो । उनी अन्यायको विरुद्ध लड्ने पात्रको रूपमा प्रस्तुत छन् । टिजरले फिल्मको कथा नेपाल-भारत सीमा क्षेत्रमा नेपालीमाथि भइरहेको अन्याय र अत्याचारमा आधारित रहेको संकेत गर्छ । आगामी माघ ९ गतेबाट प्रदर्शनको तयारीमा रहेको यो फिल्ममा सुशीलसहित करिश्मा मानन्धर, अञ्जना बराइली, हेमन्त बुढाथोकी, सिरू विष्ट, सरोज खनाल, सुवास मेचे, बुद्धि तामाङ, पुकार भट्टराई, यामनाथ खरेल, आशा पौडेल, आयुषा कार्की लगायतको अभिनय रहेको छ । यसमा दीपक सिवाकोटीको कथा छ भने पटकथा तथा संवाद शिवम् अधिकारीले तयार पारेका हुन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### बागमतीमा प्रशासनिक पुनर्संरचनाका लागि विज्ञ टोली निर्माण

# तीन महिनाभित्र सुझावसहित प्रतिवेदन पेश गर्नुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ बागमती प्रदेश सरकारले प्रशासनिक पुनर्संरचनाका लागि विज्ञ टोली निर्माण गरेको छ । प्रदेश सरकारले नेपाल सरकारका पूर्वसचिवहरुको विज्ञ टोली गठन गरेको हो ।

तीन महिनाभित्र अध्ययन र सुझावसहितको प्रतिवेदन पेश गर्ने जिम्मेवारीसहित पूर्वसचिव बिमल वाग्ले संयोजक रहने गरी टोली बनाइएको हो । उच्चस्तरीय अध्ययन समितिको काठमाडौंमा बसेको बैठकले विज्ञ टोली गठन गर्ने निर्णय गरेको हो ।

बैठकमा मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र प्रमुखसचिव भुपाल बराल सहभागी थिए । वाग्ले संयोजकत्वको टोलीमा पूर्वसचिव रेश्मीराज पाण्डे, गोपीकृष्ण खनाल, जीवनप्रभा लामा सदस्य र बागमती प्रदेशका सचिव पूर्णबहादुर दर्जी सदस्यसचिवका रुपमा रहेका छन् ।



टोलीलाई तीन महिनाभित्र प्रतिवेदन बुझाउन समय दिइएको छ । उच्चस्तरीय अध्ययन समितिका संयोजक तथा कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसुदन पौडेलका अनुसार विज्ञ टोलीले मन्त्रालय अन्तर्गतका कार्यालयको आवश्यकता निर्धारण, मन्त्रालय संख्या घटबढका सुझाव र कर्मचारी संरचना पुनर्संरचनाका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) सहितको प्रतिवेदन सरकारलाई बुझाउनेछ । मन्त्री पौडेलले विज्ञ टोली कार्यकारीरुपमा काम गर्ने र अध्ययन-सुझावको आधारमा सुधार प्रक्रिया अघि बढाइने बताए । शुक्रबार बस्ने मन्त्रिपरिषद् बैठकले विज्ञ टोलीका सेवासुविधालगायतका विषयमा औपचारिक निर्णय गर्नेछ ।

यसअघि असोज ३ गते बसेको मन्त्रिपरिषद् बैठकले पौडेलको संयोजकत्वमा प्रशासनिक पुनर्संरचनाका लागि उच्चस्तरीय अध्ययन समिति गठन गरेको थियो । समितिमा आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङ, वनमन्त्री भरत केसी, उद्योगमन्त्री बिन्दु श्रेष्ठ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव कृष्णबहादुर शाही सदस्य र उद्योग मन्त्रालयका सचिव हेमराज भुषाल सदस्यसचिवका रुपमा छन् । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ पनि मन्त्रालय संख्या घटाउने पक्षमा छन् । उनले पदभारग्रहण गरेदेखि नै प्रशासनिक संरचना सुदृढीकरण र खर्च कटौतीको तयारी थालेका छन् ।

प्रदेशसभा प्रतिनिधित्व गर्ने प्रमुख दलहरुको सर्वदलीय बैठकले पनि अनावश्यक संरचना खारेज गरी आवश्यकता अनुसार मन्त्रालय संख्या पुनरावलोकन गर्ने सहमति जनाएको छ । सात वर्षको अवधिमा बागमतीमा मन्त्रालय संख्या सातबाट दोब्बर हुँदै १४ पुगेको थियो । प्रदेश सरकार स्थापनापछिका विभिन्न मुख्यमन्त्रीले सत्तासन्तुलन र भागबण्डाका कारण पटकपटक मन्त्रालय फुटाउँदै गएका थिए । अब भने आठ वर्षपछि पुन: सुरुवातको जस्तै संरचनामा फर्किने तयारी गरिएको हो ।

**पुँजीगततर्फको ६ अर्ब भन्दा बढी बजेट कटौती**

प्रदेश सरकारले जेनजी आन्दोलन र विपद्बाट क्षति पुगेका संरचना पुन:निर्माण तथा व्यवस्थापनका लागि पुँजीगततर्फको बजेट कटौती गरेको छ ।

पुँजीगततर्फका विभिन्न शीर्षकका योजनामा छुट्टाएको बजेट कटौती गरेर जेनजी आन्दोलनको क्षति र विपद् प्रभावितक्षेत्रको व्यवस्थापनमा लगाउने भएको हो । वित्तीय अनुशासन कायम गर्दै अनुत्पादक खर्चलाई नियन्त्रण गर्ने उद्देश्यले चालु आर्थिक वर्षको बजेटमा चालुतर्फको ३ अर्ब बढी खर्च कटौती गरेको प्रदेश सरकारले पुँजीगततर्फको विभिन्न शीर्षकमा उल्लेख्य खर्च कटौती गरेको हो । प्रदेश सरकारले पुँजीगततर्फको भौतिक पूर्वाधार मन्त्रालयका १० लाख माथिका योजनामा १० प्रतिशत, २० लाख रुपैयाँ माथिका २० प्रतिशत र ५० लाख रुपैयाँ माथिका ३० प्रतिशत बजेट कटौती गरिएको मन्त्रालयले जनाएको छ ।

अन्य मन्त्रालयमा भने १० लाखभन्दा माथिका सबै योजनामा समान १० प्रतिशत बजेट कटौती गर्ने तयारी रहेको र कटौतीबाट भौतिक पूर्वाधारक्षेत्रमा मात्रै करिब ६ अर्ब रुपैयाँ बचत हुने अनुमान गरिएको छ । बजेट कटौतीको मुख्य कारण 'जेनजी' आन्दोलनका क्रममा भएका क्षतिको पुनर्निर्माण र मर्मत, विपद् व्यवस्थापन, अन्य नियमित दायित्वको भुक्तानीका लागि स्रोत व्यवस्थापन गरिने मन्त्रालयका प्रवक्ता श्रीकृष्ण आचार्यको भनाई छ ।

# जेनजी आन्दोलनको क्षतिमा २ अर्ब ७९ करोड बीमादाबी भुक्तानी



साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिको दाबीमध्ये निर्जीवन बीमा कम्पनीले अग्रिम भुक्तानी (पेश्की) समेत गरी करिब २ अर्ब ७९ करोड ७४ लाख रुपैयाँ बीमितलाई भुक्तानी गरेका छन् ।

निर्जीवन बीमा कम्पनीमा कुल २३ अर्ब २३ करोड ३७ लाख रुपैयाँ मागदाबी परेको थियो । सम्पत्ति बीमातर्फ २ अर्ब २७ करोड ११ लाख रुपैयाँ र मोटर बीमातर्फ ४७ करोड ७७ लाख भुक्तानी दिएको निर्जीवन बीमा कम्पनीले नेपाल बीमा प्राधिकरणलाई दिएको तथ्यांकमा उल्लेख छ । सम्पत्ति बीमातर्फ ६७३ वटा दाबी परेको थियो ।

यस्तो दाबी रकम कुल १९ अर्ब १ करोड ९४ लाख रुपैयाँ छ । मोटर बीमातर्फ २ हजार २७० वटा दाबी परेको थियो । यस्तो दाबी रकम कुल ३ अर्ब ४४ करोड २६ लाख रुपैयाँ छ ।

यसैगरी, इञ्जिनियरिङ तथा ठेक्का जोखिम बीमातर्फ १९२ वटा दाबीमा करिब ३६ करोड ७९ लाख रुपैयाँको दाबी परेको हो । यसमध्ये बीमा कम्पनीले ४ करोड ६२ लाख भुक्तानी गरेका छन् । अन्य बीमातर्फ कुल ३८ करोड ७२ लाख रुपैयाँको ४० वटा दाबी परेको हो । यसमध्ये करिब २२ लाख रुपैयाँ अग्रिम भुक्तानी भएको छ । परिवहन बीमातर्फ १२ वटा दाबीमा १ करोड ६६ लाख माग गरिएको छ ।

पुनर्बीमा कम्पनीबाट निर्जीवन बीमा कम्पनीहरुलाई एक अर्ब ९९ करोड २२ लाख अग्रिम पेश्की भुक्तानी भएको छ । नेपाल पुनर्बीमा कम्पनीमा बीमा कम्पनीहरुबाट कूल २ हजार ८६८ वटा दाबी परेको छ । यो दाबीमा १६ अर्ब ५ करोड १३ लाख रुपैयाँ पुनर्बीमा दाबी गरिएको छ ।

# ६ स्थानीय तहमा न्यायिक सहजकर्ता नियुक्त गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ बागमती प्रदेश सरकारले ६ स्थानीय तहमा न्यायिक सहजकर्ता नियुक्तिका लागि दर्खास्त आह्वान गरेको छ ।



प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ५ जिल्लाका ६ वटा गाउँपालिकाको लागि करार सेवामा स्थानीय न्यायिक सहजकर्ता पदमा दरखास्त आह्वान गरेको हो । मन्त्रालयले सूचना प्रकाशित गर्दै स्थानीय न्यायिक सहजकर्ता (नियुक्ति तथा परिचालन) कार्यविधि, २०८२ बमोजिम रिक्त पदपूर्ति गर्न लागेको हो । यो पदका लागि मकवानपुर जिल्लाको कैलाश गाउँपालिका र मकवानपुरगढी गाउँपालिका, रामेछापको लिखु तामाकोसी गाउँपालिका, ललितपुरको कोन्ज्योसोम गाउँपालिका, दोलखाको तामाकोसी गाउँपालिका र रसुवाको आमाछोदिङ्मो गाउँपालिकामा दरखास्त मागिएको छ ।

इच्छुक र योग्य नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र आवेदन दिन सक्नेछन् । आवेदनका लागि न्यूनतम शैक्षिक योग्यता कानुनमा माध्यमिक शिक्षा वा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ भने उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । आवेदकले कुनै एक स्थानीय तहका लागि मात्र दरखास्त दिन पाउने र हाल कुनै अन्य गाउँपालिकामा कार्यरत न्यायिक सहजकर्ताले आवेदन दिन नपाउने स्पष्ट पारेको छ ।

# थाहाका पूर्वप्रमुख विष्ट माओवादी प्रदेश सचिवालय सदस्य



साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ नेकपा (माओवादी केन्द्र) बागमती प्रदेश कमिटीले मकवानपुर थाहा नगरका चारजनालाई प्रदेशस्तरीय विभिन्न पदमा जिम्मेवारी दिएको छ । प्रदेश कमिटीले माओवादी नेता थाहानगरका पूर्वनगरप्रमुख लवशेर विष्टलाई प्रदेश कमिटी सचिवालय सदस्यको जिम्मेवारी दिइएको छ ।

विष्ट थाहा नगरपालिकाको प्रथम नगरप्रमुख हुन् । त्यस्तै अरुण रायमाझीलाई प्रदेश कमिटी सदस्य तथा राजेश केसीलाई प्रदेश सल्लाहकार सदस्यको जिम्मेवारी दिइएको छ ।

रायमाझी नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) थाहानगरका पूर्वअध्यक्ष हुन् भने केसी थाहा नगरपालिका वडा नम्बर ३ का पूर्ववडाध्यक्ष हुन् । प्रदेश कमिटीले दिएको जिम्मेवारीअनुसार बिनोदकुमार लामा बागमती प्रदेश परिषद् सदस्य भएका छन् । लामा नेकपा (माओवादी केन्द्र) थाहानगरको हालका अध्यक्ष हुन् ।

# महाधिवेशनबारे परिपक्व निर्णय गरौं: बानियाँ

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ नेपाली कांग्रेस बागमती प्रदेश कार्यसमिति सभापति ईन्द्रबहादुर बानियाँले महाधिवेशन बारे परिपक्व निर्णय गर्नुपर्ने बताएका छन् ।



केन्द्रीय कार्यसमिति बैठकमा आमन्त्रित सदस्यकारुपमा बिहीबार धारणा राख्ने क्रममा बागमती प्रदेशका मुख्यमन्त्री समेत रहेका नेता बानियाँले महाधिवेशनबारे अपरिपक्व निर्णय गर्दा पार्टीलाई क्षति पुग्ने बताए । 'महाधिवेन गर्ने मितिबारे निर्णय गर्दै जाने र पछि त्यसलाई कार्यान्वयनको वातावरण नबनाइ अर्को निर्णय गर्ने हो भने नेपाली कांग्रेस अपरिपक्व पार्टी बन्छ,' नेता बानियाँले भने, 'निर्णय गर्दा केन्द्रीय समितिले विशेष मनन गरेर निर्णय गर्नुपर्दछ ।' उनले महाधिवेशनको विषयमा देखिएको पार्टीभित्रको पछिल्लो विवादलाई दुवै पक्षले जीतको महसुस गर्नेगरी समाधान गर्नुपर्नेमा जोड दिए ।

'हामी विन-विन सिचुयसनमा जाने अवस्था बनाउनु पर्छ,' बानियाँले भने । प्रदेशसभापति बानियाँले आगामी मंसिरमा नियमित र विशेषमध्ये कुनै पनि महाधिवेशन हुन सम्भव नभएको पनि बताए । 'विशेष महाधिवेशनको बहस भइरहेको छ । प्रस्ताव दर्ता भएको तीन महिनामा गर्नुपर्ने विशेष महाधिवेशन पनि मंसिरभित्र हुने अवस्था देख्दिनँ,' उनले भने, 'क्रियाशील सदस्यताको प्रगति हेर्दा नियमित महाधिवेशन त झन् सम्भव नै छैन ।' नेता बानियाँले प्रतिनिधिसभा विघटन गैरसंवैधानिक रहेको पनि बताए । पार्टी आगामी २१ फागुनका लागि तोकिएको निर्वाचनमा जानुपर्ने भन्दै उनले निर्वाचनको वातावरण बनाउनुपर्नेमा जोड दिए ।

# कार्यतालिका नआउँदै गफ गर्न जरुरी छैन: नेता लामा



साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवम् बागमती प्रदेशका पूर्वमुख्यमन्त्री बहादुरसिंह लामाले कार्यतालिका नआउँदै नियमित कि विशेष महाधिवेशन भनेर गफ गर्न जरुरी नरहेको बताएका छन् ।

सानेपामा बिहीबारबाट फेरि सुचारु भएको केन्द्रीय कार्यसमिति बैठकमा उनले कार्यतालिका निकालेर मात्रै केन्द्रीय कार्यसमितिको म्याद थप्ने/नथप्ने बारे छलफल गर्नुपर्ने बताए । 'मंसिरभित्र महाधिवेशन गर्ने गरी तालिका निकालौं अनि म्याद थप गर्ने नगर्ने भन्ने कुरा हुन्छ त । अहिलेदेखि विशेष महाधिवेशन गर्छु भनेर हुन्छ र ?,' लामाले भने, 'क्रियाशील सदस्यता नवीकरण र वितरणको काम किन गराउन नसकेको ?' उनले पार्टी मिलाउँछु र मिलेर जानुपर्छ भन्ने गरिए पनि कसैले कुनै त्याग गर्न नसकेको बताए । 'सबैले त्याग गर्न तयार भएमात्र मिल्छ । मिल्ने बाटोमा लागौं,' लामाले भने, 'यति भएमात्र नेपाली कांग्रेस रहन्छ ।'

महाधिवेशन नगरे कांग्रेस पार्टी संकटमा पर्ने भन्दै नियमित वा विशेष जे महाधिवेशन गरे पनि हुने उनको भनाइ थियो । 'महाधिवेशन चाँडोभन्दा चाँडो गर्न आग्रह गर्छु,' लामाले भने । पूर्वमुख्यमन्त्री लामाले यथास्थितिबाटै पार्टी अगाडि बढे आशन्न चुनावमा कोही पनि टिकट लिन तयार नहुने दाबीसमेत गरे । 'यथास्थितिमा जाने हो भने चुनावमा कसैले टिकट लिँदैन । गाउँ ठाउँमा पुग्नुहोस्,' उनले भने, 'पुरानै ढंगबाट जाने हो भने वास्तविकता तलको के हो बुझ्नुहोस् ।'


श्री जनजागृति माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)

हेटौंडा उपमहानगरपालिका, वडा नं.-१५, रातोमाटे, मकवानपुर

अटोमोबाइल ईन्जिनियरिङ्ग विषयमा २४ महिने प्रि-डिप्लोमा तह, औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) मा निःशुल्क प्रशिक्षणका लागि

**सुनौलो अवसर । सुनौलो अवसर ।। सुनौलो अवसर ।।।**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट अनुमति प्राप्त भई संचालित, सामाजिक विकास मन्त्रालय बागमती प्रदेश कार्यालय र सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाबाट निःशुल्क संचालन गरिने प्रि-डिप्लोमा तहको २४ महिना अवधिको अप्रेन्टिशीप औद्योगिक प्रशिक्षार्थी तालिम कार्यक्रममा शैक्षिक-सत्र २०८२/०८३ को भर्नाका लागि अवसर खुलेको हुनाले १६ वर्ष पुगेका र SEE मा सबै विषयको परीक्षामा सम्मिलित भएका वा सो सरहको योग्यता पुगेका व्यक्तिले आवेदन दिन सक्नेछन् । भर्ना कोटा संख्या सीमित भएकोले समयमै फारम भरी मौकाको फाइदा उठाउनुहोला ।

| औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालिम किन ? | आवेदन कहाँ र कसरी दिने ? | फारम भर्न चाहिने आवश्यक कागजातहरु । |
| --- | --- | --- |
| १. प्रशिक्षार्थीको शिक्षालय र आद्योगिक प्रतिष्ठान दुबै स्थानमा सीप मिल्ने अवसर पाउने ।<br>२. पेशासँग सम्बन्धित दक्ष व्यक्तिसँगै रहेर काम गर्न पाउने ।<br>३. तालिमको अवधिमा नै आय आर्जन हुने र तालिम पश्चात रोजगारी सुनिश्चित हुने ।<br>४. सफलतापूर्वक तालिम सम्पन्न गरेपछि प्रि-डिप्लोमा तहको प्रमाणपत्र पाइने । | १. विद्यालय प्रशासनमा सम्पर्क गरी आवेदन भर्नै अथवा CTEVT को Website : https://www.ctevt.org.np मा online फारम भर्न सकिने छ ।<br>२. फारम भर्ने समयावधि : २०८२/०५/२५ देखि २०८२/०७/२८ गते सम्म ।<br>३. फारम भर्न तथा तालिम अवधिभर कुनैपनि शुल्क लाग्ने छैन । | १. स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो, व्यक्तिगत इमेल, मोबाइल नम्बर, नागरिकता तथा जन्म दर्ताको प्रतिलिपी ।<br>२. SLC/SEE मा सहभागिता भएको प्रमाणपत्रको प्रतिलिपी ।<br>३. नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरह परीक्षा उत्तीर्ण गरेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा समकक्षता निर्धारण गरिएको पत्रको प्रमाणित प्रतिलिपी । |

**नोट**: प्रशिक्षार्थीहरुलाई हाजिरी भएको दिनको रु. १००/- खाजा तथा भाडा भत्ता प्रदान गरिने छ । SEE मा NG आउने विद्यार्थीहरुले पनि अध्ययन गर्न पाइने छ । प्रशिक्षार्थीहरुको लागि रु. ७,००,०००/- बराबरको दुर्घटना बीमा सुविधा र प्रत्येक वर्ष रु. ३,००० बराबरको पोशाक सुविधा उपलब्ध हुने छ ।

**सम्पर्क: ९८४५०३०८७६ (प्राचार्य)**
**९८४१२०८९१९ (वि.व्य.स. अध्यक्ष)**
**९८६५२१००१६ (तालिम संयोजक)**
**९८४५२९७६२६ (कार्यक्रम संयोजक)**
**९८४५४६३११० (सूचना अधिकारी)**
**९८०४५०२०६५ (प्रशिक्षक)**

